गाँउ कार्यपालिकाबाट स्वीकृती मिति २०७४। ।

# मालिका गाँउपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि, २०७४

## मालिका गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## अर्खावाङ्ग गुल्मी

# मालिका गाँउपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि, २०७४

## प्रस्तावना

योजना, आयोजना तथा कार्यक्रमको फितलो कार्यान्वयनका कारण समग्र मुलुकको विकासले आशातित उपलब्धी हासिल गर्न नसकेको राष्ट्रव्यापी गुनासो वढिरहेको वर्तमान अवस्थामा यस मालिका गाउँपालिकाद्धारा संचालित योजना, आयोजना तथा कार्यक्रहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन पर्वर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मालिका गाउँकार्यपालिकाको मिति २०७४। । को बैठकले यो कार्यविधि पारित गरेको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ** :(१)यस कार्यविधीको नाम "मालिका गाँउपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि २०७४" रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा**: विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कायविधि"भन्नाले मालिका गाँउपालिकाको अनुगमन मुल्याङ्कन कार्यविधि, २०७४ लाईसम्झनु पर्छ ।

(ख)"गाउँपालिका"भन्नाले मालिका गाँउपालिकाको कार्यालय,अर्खावाङ गुल्मीलाई सम्झनुपर्छ ।

(ग)"अनुगमन"भन्नाले योजना,आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ / छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ /छैन भनी गाउँकार्यपालिका, वडा समिति वा गाउँकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।

(घ)"मुल्याङ्कन"भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "अनुगमन मूल्यांकन समिति" भन्नाले दफा ३को उपदफा (१) बमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ । सो शब्दले दफा ३ को उपदफा (२) बमोजिम गठित वडास्तरको अनुगमन तथा मूल्यांकन समिति समेतलाई जनाउँछ ।

## परिच्छेद – २
## अनुगमन तथा मूल्याङ्कन समिति

**३. अनुगमन तथा मूल्याङ्कन समिति :** (१) गाउँपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी वनाउन गाउँपालिकास्तरमा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

(क) गाउँपालिकाको उपाध्यक्षः संयोजक

(ख) कार्यपालिकाले मनोनयन गरेको वडाअध्यक्ष तथा कार्यपालिका सदस्य बढीमा २ जना : सदस्य (यसरी वडाअध्यक्ष तथा कार्यपालिका सदस्यको मनोनयन गर्दा पालो मिलाई फरक-फरक वडाअध्यक्ष तथा कार्यपालिका सदस्यलाई समितिको सदस्य मनोनयन गर्नुपर्नेछ ।)

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) प्रविधिक शाखाको प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारी : सदस्य

(ङ) योजना शाखा प्रमख सदस्य सचिव

तर, उक्त समितिका सदस्यका अतिरिक्त गाउँपलिकाका अध्यक्ष, तथा प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको अन्य कर्मचारीलाई अनुगमन मूल्याङ्कनमा जान वाधा पुगेको मानिने छैन् ।

(२) वडामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन तथा कार्यान्वयन गर्न वडा अध्यक्षको संयोजकत्वमा देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ ।

(क)वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यः संयोजक

(ख) वडा समितिले मनोनयन गरेको एक जनावडा सदस्य : सदस्य (यसरी वडा समितिले सदस्य मनोनयन गर्दा पालो मिलाई फरक-फरक वडा सदस्यलाई समितिको सदस्य मनोनयन गर्नुपर्नेछ ।)

(ग) वडा सचिव : सदस्य

**४.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

(१)दफा ३ को उपदफा (१) वमोजिम गठित गाउँपालिकास्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा तथा गाउँकार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन गाउँकार्यपालिकाको बैठक  समक्ष पेश गर्ने ।

(ङ) गाउँ सभा, गाउँकार्यपालिका तथा गाउँपालिका अध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

(२) दफा ३ को उपदफा (२) वमोजिम गठित वडास्तरको अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा गाउँ सभा, गाउँकार्यपालिका तथा वडा समितिबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन वडा समिति समक्ष पेश गर्ने ।

(ङ) गाउँ सभा, गाउँकार्यपालिका तथा वडा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–३

## अनुगमन तथा मुल्याङ्कन सुविधा

**५.अनुगमन तथा मुल्याङ्कन सुविधा :**

(१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मुल्याङ्कन सुविधा प्राप्त गर्नेछन् ।

(१)दैनिक भत्ता प्रति दिन रु ८००।००

(२) चिया खाजा खर्च प्रति दिन प्रति व्यक्ति रु २००।००

तर, यस्तो अनुगमन तथा मुल्याङ्कन सुविधा एक हप्तामा बढीमा तीन दिनसम्मको मात्र उपलब्ध हुनेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन तथा मुल्याङ्कन सुविधा प्राप्त गर्नेछन् ।

(१) दैनिक भत्ता प्रति दिन रु ४००।००

(२) चिया खाजा खर्च प्रति दिन प्रति व्यक्ति रु १००।००

(३) यातायात खर्च प्रति व्यक्ति रु १००।००

तर, यस्तो अनुगमन तथा मुल्याङ्कन सुविधा एक हप्तामा बढीमा दुई दिन सम्मको मात्र उपलब्ध हुनेछ ।

(३) गाउँपालिकाको अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखाको अन्य कर्मचारी अनुगमन तथा मुल्याङ्कनमा जाँदा उप दफा (१) वमोजिमको सुविधा प्राप्त गर्नेछन् ।

## **परिच्छेद – ४**

## अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

**६.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :**दफा ३ को उपदफा (१) र (२) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि १ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**७. प्रतिवेदन पेश गर्ने अवधि :**(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन अनुगमन तथा मुल्याङ्कन गरेको दोश्रो महिनाको पहिलो गाउँकार्यपालिका बैठक समक्षपेश गर्नेछ ।

(२) दफा ३ को उपदफा (२) बमोजिमको समितिले दफा ६ बमोजिमको प्रतिवेदन अनुगमन तथा मुल्याङ्कन गरेको दोश्रो महिनाको पहिलो वडा समितिको बैठक समक्ष पेशगर्नेछ ।

## **परिच्छेद – ५**

## विविध

**८.बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँपालिका स्तरको समितिको सिफारिसमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

**९. संशोधन :** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही गाउँकार्यपालिकाको हुनेछ ।

अनुसुचि १

परिच्छेद ४ को नियम १ संग संबन्धित

मालिका गाउँपालिका

अर्खावाङ्ग गुल्मी

गाँउपालिका तथा वडा स्तरीय योजनाको लागि अनुगमन समितिको प्रतिवेदन

योजना संचालन भएको वडा नं:-

मालिका गाउँपालिकाको प्रथम गाउँसभाले पारित गरेको यस वडा अन्तर्गत संचालन हुने तपशिल बमोजिमको योजना संचालन पश्चात फरफारक पुर्व गाउँपालिका / वडा स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन

मिति:-

योजनाको नाम:-

विनियोजित रकम:-

अनुगमन समितिका पदाधिकारीहरुको नामावली

| क्र सं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | संयोजक | | |
| २ | | सदस्य | | |
| ३ | | सदस्य | | |
| ४ | | सदस्य | | |
| ५ | | सदस्य | | |

उपभोक्ता समितिको अध्यक्षको हस्ताक्षर.........................

अनुगमन बाट देखिएको व्यहोरा

| क्र सं | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्विकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परिक्षण कार्य | | | |
| ४ | अन्य सल्लाह सुझाब | | | |
| | | | | |

<u>अनुगमन समितिको निष्कर्ष</u>

अनुगमन समितिद्वारा यस योजनाको अनुगमन गर्दा लागत अनुमान बमोजिमको कार्य सम्पन्न भईसकेको/नभएको, उपभोक्ता समितिको तर्फबाट जनश्रमदान उत्कृष्ठ भएको/नभएको तथा नियमानुसार सार्वजनिक परिक्षण समेत भइसकेको/नभएको पाईएकोले योजना फरफारकका लागि गाउँपालिकालाई सिफारिस गर्ने/नगर्ने निर्णय गरियो ।